# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बै.सं.** ०२/०८३/०८४

**अध्यक्षता:** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**मिति:** २०८३/०५/३१

**उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलदेवसिंह गोम्देन | नगर प्रमुख | उपस्थित |
| २ | श्री खड्गमाया पराजुली | उप प्रमुख | उपस्थित |
| ३ | श्री दिनेश ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत/सचिव | उपस्थित |
| ४ | श्री उपेन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं १ | उपस्थित |
| ५ | श्री नरेन्द्र श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | उपस्थित |
| ६ | श्री सिताराम भट्टराई | वडा अध्यक्ष वडा नं ३ | उपस्थित |
| ७ | श्री अम्बरबहादुर कटुवाल | वडा अध्यक्ष, वडा नं ४ | उपस्थित |
| ८ | श्री गिताराज खड्का | वडा अध्यक्ष, वडा नं ५ | उपस्थित |
| ९ | श्री हरिश्चन्द्र बास्तोला | वडा अध्यक्ष, वडा नं ६ | उपस्थित |
| १० | श्री गोविन्द खतिवडा | वडा अध्यक्ष, वडा नं ७ | उपस्थित |
| ११ | श्री कुमारप्रसाद उप्रेती | वडा अध्यक्ष, वडा नं ८ | उपस्थित |
| १२ | श्री भिष्म मिश्र | वडा अध्यक्ष, वडा नं ९ | उपस्थित |
| १३ | श्री खगेन्द्र इङ्नाम | वडा अध्यक्ष, वडा नं ११ | उपस्थित |
| १४ | श्री मुना खत्री | कार्यपालिका सदस्य | अनुपस्थित |
| १५ | श्री विमला रोक्का | कार्यपालिका सदस्य | उपस्थित |
| १६ | श्री चन्द्रमाया तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १७ | श्री चन्द्रकुमारी तामाङ | कार्यपालिका सदस्य | उपस्थित |
| १८ | श्री गौरीमाया चिमरिया | कार्यपालिका सदस्य | उपस्थित |
| १९ | श्री सन्तोष मेचे | कार्यपालिका सदस्य | उपस्थित |
| २० | श्री कौशिलाल परियार | कार्यपालिका सदस्य | उपस्थित |

**प्रस्ताव नं १ सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीका निष्क्रिय खातामा रहेको रकम फिर्ता सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः सामान्य प्रशासन शाखा**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा मंत्ता प्राप्त गर्ने लाभग्राहीटरूमध्ये एक्सेल डेभलपमेन्ट बैंक, शनिश्चरे शाखामा खाता खोली लामो समयसम्म अद्यावधिक (KYC) नभई निष्क्रिय (Dormant) अवस्थामा रहेका खाताहरुको मौज्दात रकम प्रचलित कानून वमोजिम व्यवस्थापन गर्नुपर्ने भएकोमा सो सम्बन्धमा यस कार्यालयबाट मिति २०८३/०१/१७ मा ३५ दिने सूचना जारी गरी निष्क्रिय खाता अद्यावधिक वा बन्द गर्न गराउन आव्हान गरिएकोमा सो अवधि पश्चात् बैंक तथा नगरपालिकाको विवरण अनुसार प्राप्त तथ्याङ्क निम्न अनुसार रहेको छ।

| निष्क्रिय खातामा रहेको सामाजिक सुरक्षा भत्ता वापतको रकमको विवरण | | | | | |
|---|---|---|---|---|---|
| जम्मा लाभग्राही संख्या | सिफारिस लिई खाता बन्द गर्ने लाभग्राही संख्या | बैंकमा मौज्दात रहेको रकम जम्मा | लाभग्राहीले फिर्ता लिएको रकम | हालसम्म सम्म न.पा.को खातामा फिर्ता भएको रकम | लाभग्राहीको खातामा मौज्दात रहेको रकम |
| २९२७ | २० | ११५६२८९३.३४ | १०८५८२.५१ | ७८०० | ११४४६५१०.८३ |

कानूनी प्रावधान

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा (२९) को उपदफा (३) मा एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका साभग्राहीको विवरण अनुसूची-१२ बमोजिम छानबिन गरी, लाभग्राहीको मृत्यु भएको वा भत्ता लिन अयोग्य भएको यकिन भएमा तगत कट्टा हुने मितिसम्मको रकम फिर्ता गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त खाताहरु तीन वर्षभन्दा बढी समयसम्म निष्क्रिय (Dormant) अवस्थामा रहेको । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. २६०, मिति २०८३/०२/२६ को पत्र मार्फत उक्त निष्क्रिय रकम सहित कोषमा दाखिला गराई सोको भौचर प्रतिलिपि उपलब्ध गराउन निर्देशन / राय प्राप्त भएको । एक्सेल डेभलपमेन्ट बैंकको च.नं. १९ मिति २०८३/०४/२८ को पत्र अनुसार उक्त खाताहरुमा सामाजिक सुरक्षा भत्ता बाहेक अन्य व्यक्तिगत रकम जम्मा नभएको यकिन गरिएको।

**निर्णयको व्यहोरा**उपरोक्त बमोजिम एक्सेः डेभलपमेन्ट बैंकमा चौकी रहेको रु.१.१४,४६,५१०.८३ (अक्षरेपी एक करोड चौध लाख छयालिस हजार पाँच सय दश रूपैया त्रिवासी पैसा मात्र) रकम संघीय संचित कोषमा दाखिला गर्ने प्रयोजनका लागि आन्तरिक राजस्व कार्यालय, भद्रपुरको नाममा म्यानेजर्स चेक (Manager's Cheque) उपलब्ध गराउन बैंकलाई पत्राचार गर्ने ।

**प्रस्ताव नं २ प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा रकम जम्मा गर्ने सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः** सामान्य प्रशासन शाखा ।

**प्रस्तावको व्यहोराः** गत भाद्र १० गते भोटेकोसी खोलामा आएको प्रलयकारी बाढीका कारण रसुवा , नुवाकोट , धादिङ लगायतका जिल्लामा भएको जनधनको क्षति प्रति दुख व्यक्त गर्दै यस राष्ट्रिय विपत्तीको समयमा नेपाल सरकारको प्रधानमन्त्री राहत कोषमा सहयोग गर्ने सम्बन्धमा नगरपालिकाको आयोजनामा भएको सर्वपक्षीय छलफलमा यस नगरपालिका अन्तर्गतका क्रशर व्यवसायी, प्याब्सन अर्जुनधारा, उद्योगी व्यवसाय, सामुदायिक वन तथा खानेपानी समूहबाट स्वतःस्फुर्त रुपमा रु ११ लाख बराबरको आर्थिक सहयोगको प्रतिबद्धता व्यक्त भएको ।यसै सन्दर्भमा नेपाल सरकारका मुख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८३/०५/११ गते बसेको सचिव बैठकबाट विपदवाट भएको ठूलो जनधनको क्षति पश्चात् राहत तथा पुनर्स्थापना कार्यमा राष्ट्रसेवकहरुको तर्फवाट योगदान गर्न श्रेणीविहीन कर्मचारीवाट मासिक सुरू तलब स्केलको २ दिनको, राजपत्र अनंकित वा सो सरहका कर्मचारीवाट ५ दिनको, राजपत्रांकित तृतीय र द्वितीय श्रेणी वा सो सरहका कर्मचारीवाट ७ दिनको र राजपत्रांकित प्रथम श्रेणी र विशिष्ट श्रेणीका कर्मचारीवाट १० दिन बराबरको तलब/पारिश्रमिक रकम २०८३ भदौ महिनाको मासिक तलब भुक्तानी गर्दा कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गर्ने तथा स्थानीय तह र सबै सार्वजनिक निकायमा कार्यरत कर्मचारीलाई समेत यसै बमोजिमको तलब/पारश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा योगदान गर्न आव्हान गर्ने निर्णय भएको सम्बन्धमा सोही बमोजिम यस अर्जुनधारा नगरपालिका अन्तर्गतका राष्ट्रसेवक कर्मचारीको समेत पारिश्रमिक कट्टा गरी प्रधानमन्त्री राहत कोषमा जम्मा गर्न र नगरपालिकाको विपद् व्यवस्थापको कोषबाट समेत रकम जम्मा गर्ने विषयमा निर्णयार्थ प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** यस नगरपालिका अन्तर्गतका श्रेणीविहीन कर्मचारी (शिक्षक समेत) बाट मासिक सुरू तलब स्केलको २ दिनको, राजपत्र अनंकित वा सो सरहका कर्मचारीवाट ५ दिनको, राजपत्रांकित तृतीय र द्वितीय श्रेणी वा सो सरहका कर्मचारीवाट ७ दिनको पारिश्रमिक २०८३ भाद्र महिनाको पारिश्रमिकबाट कट्टा गरी तथा नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रकमरु १ लाख ५० हजार रकम प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गर्ने।

**प्रस्ताव नं ३ स्थानीय दररेट निर्धारण सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः** पूर्वाधार विकास शाखा

**प्रस्तावको व्यहोराः** स्थानीय सरकार सञ्चालन ऐन (संशोधन सहित) २०७४ को दफा १३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनाका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थनीय दररेट तोक्नु पर्ने भन्ने व्यवस्था रहेकोमा यस अर्जुनधारा नगरपालिकाको हकमा मिति २०८३ साल असाढ २७ गते झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शिवराम गेलालको अध्यक्षतामा सार्वजनिक खरिद नियामावली २०६४ को नियम १४८ बमोजिम गठित जिल्ला दररेट निर्धारण समितिको बैठकले पारित झापा जिल्लाको जिल्ला दररेट, २०८३ लाई स्थानीय दररेटको रुपमा मानी न्यनूतम दररेट तोक्न उपयुक्त हुने भनी सो सम्बन्धमा आवश्यक निर्णयार्थ प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोरा**पेश भए बमोजिम झापा जिल्लाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत जिल्ला दररेट प्रयोग गर्ने गरी स्थानीय दररेट निर्धारण गरी सोही बमोजिम दर विश्लेषण (Rate Analysis) गर्ने ।

**प्रस्ताव नं ४ LGPAS सम्बन्धि प्रतिवेदन पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखाः** योजना शाखा

**प्रस्तावको व्यहोराः** नेपाल सरकारबाट स्वीकृत स्थानीय शासन कार्यसम्पादन स्वमूल्याङ्कन प्रणालीमा तोकिए बमोजिमका सूचकहरुमा यस अर्जुनधारा नगरपालिकामा गत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यसम्पादनसँग सम्बन्धित विवरणहरु देहाय बमोजिमका सूचकहरुमा देहाय बमोजिमका अंकहरु दाबी गरी कुल ८०.२ % अंक दाबी गरिएको ।

| क्षेत्र | विषयगत सूचक | स्थिति | प्रतिशत (%) | LG गणना अंक |
|---|---|---|---|---|
| सुशासन तथा संस्थागत विकास | योजना तथा बजेट व्यवस्थापन | सर्वोत्कृष्ट | 99.90% | 7.99 |
| | पारदर्शिता र उत्तरदायित्व | उत्कृष्ट | 86.00% | 4.3 |
| | शासकीय प्रबन्ध | उत्कृष्ट | 83.70% | 7.53 |
| | सार्वजनिक सेवा प्रवाह | उत्कृष्ट | 82.80% | 4.14 |
| | सार्वजनिक वित्त व्यवस्थापन | सर्वोत्कृष्ट | 93.40% | 10.27 |
| | समन्वय र सहकार्य | सर्वोत्कृष्ट | 92.00% | 1.84 |
| सामाजिक विकास | खानेपानी तथा सरसफाइ | कमजोर | 41.00% | 0.82 |
| | शिक्षा | मध्यम | 70.00% | 2.1 |
| | स्वास्थ्य | मध्यम | 55.40% | 2.77 |
| | विवाद निरुपण तथा मेलमिलाप | उत्कृष्ट | 84.00% | 1.68 |
| | सामाजिक समावेशीकरण र संरक्षण | मध्यम | 73.90% | 5.91 |
| आर्थिक विकास | कृषि, पशु तथा सहकारी | उत्कृष्ट | 76.50% | 6.12 |
| | भूमि तथा सिंचाइ | अति कमजोर | 17.50% | 0.35 |
| | स्थानीय आर्थिक विकास | उत्कृष्ट | 83.80% | 4.19 |
| | उद्यमशीलता र रोजगारी | उत्कृष्ट | 88.20% | 4.41 |
| पूर्वाधार | स्थानीय सडक | उत्कृष्ट | 75.70% | 2.27 |
| | भवन तथा अन्य सामाजिक पूर्वाधार | उत्कृष्ट | 85.60% | 4.28 |
| | पूर्वाधारको उपयोगिता र दिगोपना | उत्कृष्ट | 80.00% | 1.6 |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | वातावरण संरक्षण | मध्यम | 70.10% | 4.91 |
| | विपद् व्यवस्थापन | उत्कृष्ट | 89.30% | 2.68 |

**निर्णयको व्यहोराः** स्थानीय शासन कार्यसम्पाद (व्यवस्थापन तथा कार्यविधि) २०८२ को दफा ६ को उपदफा (१) को बुँदा नं छ मा कार्यपालिकाले प्रारम्भिक नतिजामा आवश्यक संसोधन गरी भाद्र मसान्तभित्र प्रमुख प्रशासकीय अधिकृतमार्फत पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था रहेकाले कार्यविधिको व्यवस्था बमोजम पेश भए बमोजिमको प्रारम्भिक नतिजा पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने ।

**प्रस्ताव नं ५ कार्यक्रम करार तथा करार सेवाका कर्मचारीको सेवाको शर्त तथा सुविधा सम्बन्धमा।**
**प्रस्ताव पेश गर्ने शाखाः** सामान्य प्रशासन शाखा
**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकामा नेपाल सरकारको सशर्त अनुदानबाट तलब भत्ता खाने गरी करार सेवामा कार्यरत कर्मचारीको चालु आर्थिक वर्ष २०८३/०८४ को सेवाको शर्त तथा सुविधाका सम्बन्धमा साविकमा अनुदान स्वीकृत हुँदा गत आर्थिक वर्षकै पारिश्रमिक दर अनुसार स्वीकृत भएको, नेपाल सरकारको बजेट वक्तव्य अनुसार चालु आर्थिक वर्षको पारिश्रमिक निर्धारण हुँदा आधारभुत पारिश्रमिकमा १० प्रतिशतले वृद्धि भई आएको, यस नगर कार्यपालिकाको मिति २०८३/०३/३२ को सेवा करार निरन्तरता सम्बन्धि प्रस्तावमा करार सेवाका कर्मचारीलाई निर्धारित आधारभुत पारिश्रमिक उपलब्ध गराउने निर्णय भएको, निजहरुको वृद्धि भएको तलब केही कार्यक्रमको हकमा नेपाल सरकारले पछि अनुदान उपलब्ध गराउने र केही कार्यक्रमको हकमा स्थानीय तहले नै व्यहोर्नुपर्ने गरी सम्बन्धित कार्यक्रम स्वीकृत गर्ने निकायबाट लेखी आएको सन्दर्भमा थप छलफल तथा निर्णयार्थ पेश गरिएको ।

**निर्णयको व्यहोराः** चालु आर्थिक वर्ष २०८३/०८४ मा नेपाल सरकारको सशर्त अनुदानबाट तलब भत्ता प्राप्त गर्ने कर्मचारीलाई सो पदको लागि तोकिएको न्यूनतम आधारभुत पारिश्रमिक उपलब्ध गराउँदा अपुग हुने रकम माग गरी नेपाल सरकारको सम्बन्धित निकायमा अनुरोध गर्ने र अन्यको हकमा अपुग रकम नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी तथा नगर सभाबाट स्वीकृत दरबन्दीमा गत आर्थिक वर्ष मा करार सेवामा कार्यरत कर्मचारीको सेवा करारलाई निरन्तरता दिने।

**प्रस्ताव नं ६ स्थानीय शिक्षा योजना तथा कार्यविधिहरु स्वीकृति सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्ने शाखा:** शिक्षा, युवा तथा खेलकुद शाखा

**प्रस्तावको व्यहोरा:**

(१) अर्जुनधारा नगरपालिकाको समग्र शैक्षिक विकास र गुणस्तर सुधारका लागि ३ सदस्यीय प्राविधिक लेखन मस्यौदा दलद्वारा सरोकारवालाहरूसँगको छलफल, कार्यशाला र आवश्यक तथ्यांक संकलन गरी तयार पारिएको 'नगर शिक्षा योजना' को अन्तिम मस्यौदालाई कानुनी मान्यता दिई कार्यान्वयनमा लैजान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम स्थानीय तहको शिक्षा नीति, योजना र मापदण्ड निर्माण गर्ने एकल अधिकार नगर कार्यपालिकामा निहित भएकाले, नगर भित्रका विद्यालयहरूको दरबन्दी मिलान, पूर्वाधार विकास, प्रविधिमैत्री शिक्षण सिकाई र संस्थागत सुधारलाई आगामी ५ वर्षसम्म योजनाबद्ध रूपमा सञ्चालन गर्न यस योजनाले स्पष्ट रणनीतिक मार्गचित्र र दूरदृष्टि (Vision) प्रदान गर्नेभएको हुँदा तथा यसका अतिरिक्त, विशेषज्ञ सम्मिलित प्राविधिक दलको प्रतिवेदनलाई नगरपालिकाको आधिकारिक नीतिको रूपमा अपनत्व प्रदान गर्दै योजनामा उल्लेखित शैक्षिक कार्यक्रमहरूलाई नगरपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रमसँग आबद्ध गरी आवश्यक बजेट विनियोजन गर्न तथा वैदेशिक वा अन्य दातृ निकायको सहयोग जुटाउने कानुनी आधार तयार गर्न समेत यो प्रस्ताव स्वीकृतिका लागि नगर कार्यपालिकाको मिति २०८३/०३/३२ गतेको बैठकमा प्रस्ताव पेश भएको ।

(२) अर्जुनधारा नगरपालिकाको विधेयक मस्यौदा समितिमा छलफल भई देहाय बमोजिमका कार्यविधिहरु स्वीकृतिका लागि पेश भएको ।

क. सामुदायिक विद्यालय अभिभावक शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०८३ पेश

ख. प्रधानाध्यपक छनौट तथा व्यवस्थापन कार्यविधि,२०८३ पेश

**निर्णय हुनुपर्ने व्यहोरा:** पेश भएको "नगर शिक्षा योजना, (८३/८४-८८/८९)", सामुदायिक विद्यालय अभिभावक शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०८३ तथा प्रधानाध्यपक छनौट तथा व्यवस्थापन कार्यविधि,२०८३ स्वीकृत गर्ने ।

**प्रस्ताव नं ७.:** वडा समितिबाट प्राप्त भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत जाँचबुझ तथा प्रमाणीकरणका गरि थप प्रक्रियाका लागि जिल्ला समितिमा सिफारिस गर्ने सम्बन्धमा।

**प्रस्ताव पेश गर्ने शाखाः** भूमि प्रशासन शाखा ।

**प्रस्तावको व्यहोरा:** यस अर्जुनधारा नगरपालिका वडा नं. २ अन्तर्गत बसोवास गर्ने विभिन्न व्यक्तिहरूले सो वडाको सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि आबादीमा परिणत भएको जग्गामा कम्तिमा २०६६ माघ २८ भन्दा अघिदेखि आबाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका र २०७६ माघ २८ पछि आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारको कुनै जग्गा वा जग्गाको स्वामित्वसहितको आवास उपलब्ध नगराएको भनी आफूलाई अव्यवस्थित बसोबासीको रुपमा दाबी गरी आफूले आवाद कमोद गर्दै आइरहेको जग्गा प्राप्तिका लागि यस अर्जुनधारा नगर पालिकाका वडा नं.२ कार्यालयमा मिति वि.स २०७७/११/१८ गते देखि २०७७/१२/२३ र सो भन्दा पछाडी छुटका लागि २ पटक सम्म प्रकाशित सुचना अनुसार निवेदनहरू पेश गरेका छन्। तसर्थ, निवेदकहरूले दाबी गरेको विवरणमा निवेदक स्वयंले कुनै संशोधन गर्नु परेमा वा उक्त विवरण उपर अन्य जोसुकैको कुनै उजुर बाजुर वा दावी विरोध भएमा सोको प्रमाणसहित उजुरी दर्ता गराउन जानकारी गराउने उद्देश्यले तोकिएको ढाँचा बमोजिमको १५ दिने सार्वजनिक सूचना मिति २०८३/०३/१८ देखि लागु हुने गरी २०८३/०३/२५ सम्मको १५ दिने सुचना वडा कार्यालयको सूचना पाटी तथा वडाका प्रमुख सार्वजनिक स्थानहरूमा प्रकाशन भई उक्त लाभग्राहीहरु सन्दर्भमा कुनै उजुर बाजुर वा दावी विरोधको निवेदन प्राप्त नभएको हुँदा निजहरुलाई नियमानुसार मानसिब देखिएको हुँदा कार्यविधि बमोजिम थप प्रकृया अगाडि बढाउन निर्णयार्थ पेश गरिएको ।

**निर्णय हुनुपर्ने व्यहोरा:** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको आवश्यक विवरण सहित २ नं. वडा कार्यालयको वडा समितिबाट सिफारिस भई आएको हुँदा संलग्न बमोजिमको सूचि सार्वजनिकिकरण गरी थप प्रक्रियाका लागि जिल्ला भूमि समस्या समाधान समिति झापामा पठाउने।

## प्रस्ताव नं ७ विविध

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकासँग समसमायिक विभिन्न विषयमा छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

१. यस अर्जुनधारा नगरपालिका क्षेत्र अन्तर्गतका बिरिङ, टाङटिङ, नेते, सुखानी लगायतका नदीहरुबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलन तथा व्यवस्थापनको लागि यस कार्यालयबाट प्रारम्भिक वातावरणीय परीक्षण लगायतका कार्य भईरहेको एवं उत्खनन्, संकलन र बिक्रीको ठेक्का बन्दोवस्त हुन बाँकी रहेको हुँदा मिति २०८३/०६/०१ गतेदेखि यस कार्यालयबाट ठेक्का व्यवस्थापनको कार्य सम्पन्न नभएसम्मको लागि अनाधिकृत तवरले कसैले पनि उक्त नदीहरुबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलन नगर्नु नगराउनुहुन, साथै नदीजन्य पदार्थको अनाधिकृत उत्खनन तथा संकलन नियन्त्रणका लागि स्थानीयवासीहरुले समेत निरन्तर निगरानी गरी सहयोगका लागि एवं नगरपालिका क्षेत्र अन्तरगतको नदीहरुवाट कसैले अनाधिकृत ढंगबाट ढुङ्गा, गिटि, बालुवा तथा बलौट भरौट(पुरुवा) लगायतका नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरेमा त्यस्ता सामाग्री जफत गरी जरिवाना हुने व्यहोरा खोली सार्वजनिक सूचना प्रकाशन गर्ने ।

२. अर्जुनधारा नगरपालिका वडा नं ४ का वडा सदस्य श्री अमृत बहादुर बुढाथोकी हालः प्राणघातक क्यान्सर रोग लागी उपचाररत रहनु भएको हुँदा निजको औषधोपचारका लागि रु २ लाख ५० हजार आर्थिक सहायता उपलब्ध गराउने।

३. अर्जुनधारा नगरपालिका वडा नं ७ निवासी श्री रमेशकुमार त्रिखत्री मृगौला सम्बन्धि रोग लागी उपचाररत रहनु भएको, वडा नं १० बस्ने तेजकुमारी थलङ क्यान्सर,मृगौला सम्बन्धि रोग लागी उपचाररत रहनु भएकोमा निजहरुको औषधोपचारका लागि जनही रु ५० हजार आर्थिक सहायता उपलब्ध गराउने ।